## गोकर्णेश्वर नगरपालिका

# स्थानीय राजपत्र

## भाग-१

### “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्य विधि

गोकर्णेश्वर नगर कार्यपालिकाबाट पारित

मितिः २०७५/०१/९ गते

गोकर्णेश्वर नगरपालिका

काठमाडौं जिल्ला

३ नं. प्रदेश

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगर पालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गोकर्णेश्वर नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल इन्जिनीयर/सव इन्जिनियर सहित सदस्य रहने गरी आर्थिक तथा पूर्वाधार विकास समिति संयोजक भएको (नगर कार्यपालिको बैठक मिति २०७४/०८/१० गते ७ औ बैठकको निर्णय बमोजिम) समितिबाट जाँचबुझ गरी सिफारिस गर्नु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र नगर प्रमुखको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नविकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक बर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सोको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण नगरपालिकमा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्नेछ ।

यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीनेछ ।

**(४) इजाजतपत्रको खारेजी :**

(१) दोहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ वा उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएकोकारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

**(६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**(७) बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूची -१**

कार्यविधि को दफा २ को उपदफा (१) सँग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

**विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री गोकर्णेश्वर नगरपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं ।

यस .................. कार्यालयको कार्यविधि ......................................बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :**

नाम :

ठेगाना :

पोष्टबक्स :

टेलिफोन नं. फ्याक्स नं. ईमेलः

**२. फर्म वा कम्पनीको प्रकृति :**

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिलिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :**

नाम थर :

ठेगाना : पोष्ट वक्स :

टेलिफोन नं. फ्याक्स : ईमेल :

**४. फर्म वा कम्पनीको विवरण :**

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूजी : जारी पूजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

**५. इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग**

**६. समुहीकरण हुन चाहेको समूह :**

**७. आर्थिक श्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहे अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य :** यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११) करचुक्ता गरेको प्रमाण कागजात :**

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

| |
|---|
| |

दरखास्तवालाको :

दस्तखत :

मिति :

**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची -२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | सूची दर्ता तथा निवेदन | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | रु. ५००।०० | रु. १०,००० | रु. २,५०० | रु. २,५०० | रु.५००।०० |

**द्रष्टव्य :** घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिमका दर दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नविकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

## अनुसूची -३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

## इजाजतपत्र

इजाजतपत्र नं. ......... मिति : .............................

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ......................... स्थित कार्यालय भएको ..................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ।

“घ”

ईजाजतपत्र दिनेको :
दस्तखत :
नाम :
पद :
मिति :
कार्यालय :

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

नविकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सयुक्त उपक्रमको नाम (यदि भएमा) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क)Variation पछिको Contract Amo गल्त | क) सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | | | | | | |
| | | | | ख) सम्झौता मिति | क) पद: | क) नाम: | क)Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति : | ख) सम्पन्न मिति: | |
| | | | | | | | | | | |
| | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद: | ख) पद : | ग) सम्पन्न ५ | | |
| | | | | | | | | | | |
| | | | | | घ) छाप: | ग) | ग) हस्ताक्षर | घ) नाम: | घ) नाम: | |
| | | | | | | हस्ताक्षर | | | | |
| | | | | | | घ) निर्णय मिति: | घ) छाप | पद: | पद : | |
| | | | | | | | | | | |
| | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | | |
| | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | |

## अनुसूची -५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमताः** प्राईभेट वा पब्लिक लिमीटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र बाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण :**
(क) मिक्सर (एक थान)
(ख) वाटर पम्प (तीन थान)
(ग) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई बर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा वढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरबृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले,
अञ्जन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत